# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ७, संख्याः ५, मितिः २०८०/१०/०४


## भाग-२

# शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## शितगंगा नगरपालिकाको अटोरिक्सा, ई-रिक्सा तथा रिक्सा व्यवस्थापन कार्यविधी, २०८०

प्रस्तावनाः शितगंगा नगरपालिकाका भित्री बजार क्षेत्र, नगरका अन्य विभिन्न स्थानहरुमा आवत जावत गर्न ठूला सवारी साधन नपुग्ने तथा उपलब्ध ट्याक्सी लगायतका साना सवारी साधनहरु प्रयोग गर्दा अति महंगो पर्न गइ सर्वसाधारण मर्कामा परिरहेकोले टेम्पो, रिक्सा, अटो रिक्सा, इ रिक्सा जस्ता सस्तो र सुलभ सवारी साधनहरु संचालन गर्नुपर्ने महशुस भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ मा टेम्पो, रिक्सा, अटो रिक्सा, ई-रिक्सा आदि संचालनको अनुमति दिने, रुट कायम गर्ने तथा भाडादर निर्धारण गर्ने सम्बन्धी कार्य नगरपालिकाले गर्ने गरी व्यवस्था भएकोले उक्त अधिकारको प्रयोग गर्न एक कार्यविधि वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गर्न शितगंगा नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी शितगंगा नगरकार्यपालिकाले यो कार्यविधी बनाएको छ ।

### परिच्छेद १

१. यस कार्यविधिको नाम **शितगंगा नगरपालिकाको अटोरिक्सा, ई-रिक्सा तथा रिक्सा व्यवस्थापन कार्यविधी, २०८०** हुनेछ ।

२. यो कार्यविधि कार्यपालिकाको बैठकबाट पारित भै स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ ।

३. परिभाषा :

(क) शहरी सडक भन्नाले यस नगरपालिकाबाट बनाईएको, विस्तार गरिएको तथा नगरपालिकालाई मर्मत सम्भार गर्न हस्तान्तरण भै आएका सडक सम्झनुपर्दछ ।

(ख) सवारी साधन भन्नाले प्रचलित ऐन, नियम बमोजिम नगरपालिकाले व्यवस्थापन गर्न अधिकार प्राप्त गरेका रिक्सा, अटो रिक्सा, ई-रिक्सा आदी सम्झनुपर्दछ ।

(ग) कार्यविधी भन्नाले शितगंगा नगरपालिकाको अटोरिक्सा, ई-रिक्सा तथा रिक्सा व्यवस्थापन कार्यविधी, २०८० सम्झनुपर्दछ ।

(घ) समिति भन्नाले कार्यविधीको नियम ७ बमोजिम गठित रुट इजाजत तथा भाडादर निर्धारण समिति सम्झनु पर्दछ ।

(ङ) सवारी धनी भन्नाले प्रचलित कानून बमोजिम सवारी धनी अनुमती पत्र प्राप्त व्यक्ति तथा संस्था सम्झनु पर्दछ ।

(च) नगरपालिका भन्नाले शितगंगा नगरपालिकालाई सम्झनु पर्दछ ।

(छ) नगर कार्यपालिका भन्नाले शितगंगा नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ज) नगर क्षेत्र भन्नाले शितगंगा नगरपालिकाको आफ्नो सिमानालाई सम्झनु पर्दछ ।

(झ) प्रमुख भन्नाले शितगंगा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) कार्यालय प्रमुख भन्नाले यस नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ट) तोकिएको अधिकारी भन्नाले कार्यविधिको नियम १० मा उल्लेख भए बमोजिम तोकिएको अधिकारी सम्झनु पर्दछ ।

(ठ) रुट ईजाजत पत्र भन्नाले कार्यविधीको नियम ११ बमेजिमको ईजाजत पत्र सम्झनु पर्दछ ।

(ड) भाडादर भन्नाले नगरकार्यपालिकाले तोकेको भाडादर सम्झनु पर्दछ ।

(ढ) मुख्य सडक भन्नाले पथ्थरकोट देखी सुपादेउराली मन्दिरसम्मको सडकखण्डलाई जनाउनेछ ।

## परिच्छेद २

४. अनुमतिविना सञ्चालन गर्न नपाईने :

(क) यस नगरपालिका क्षेत्रमा यो कार्यविधी बमोजिम अनुमति पत्र नलिई सवारी साधन संचालन गर्न पाईने छैन ।यस नगरपालिकामा सवारी साधान संचालन गर्न चाहने सवारी धनीले अनुसूची १ बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदन प्राप्त भए पश्चात आवश्यक कारवाहीको लागि सडक तथा वस्ती विकास शाखा अर्न्तगत मेकानिकल उप शाखामा पठाइनेछ ।

(ग) उपशाखा व्यवस्थापन नभएसम्म मान्यता प्राप्त मेकानिकल प्राविधिकसँग समन्वय गरी कार्य सम्पादन गर्ने काम प्रशासन शाखाले गर्नेछ ।

५. आवश्यक कागजात पेश गर्नुपर्ने :

सवारी साधान संचालन गर्न चाहने सवारी धनीले अनुसूची १ बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिंदा निम्नानुसारका कागजात संलग्न गर्नुपर्ने छ ।

(क) सवारी साधन धनी व्यक्ति नागरिकता प्रमाणपत्रको प्रतिलिपी

(ख) सवारी साधन धनी फर्मको फर्मदर्ता प्रमाणपत्र, कर दर्ता तथा करचुक्ता प्रमाणपत्र र नवीकरणको प्रमाणपत्र

(ग) सवारी साधन दर्ता प्रमाणपत्र

(घ) सवारी चालकको नियुक्तिपत्र (लाइसेन्स सहित) तर सवारी धनी र चालक एकै व्यक्ति भएमा नियुक्तीपत्र नचाहिने, यदि चालक अन्य व्यक्ति हो भने सवारी धनीबाट भएको नियुक्ति पत्र अनिवार्य चाहिनेछ ।

(ङ) तेस्रो पक्ष बिमा, यात्रु विमा गरेको प्रमाण

(च) सवारी जाँचपास प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

६. इजाजत पत्र दिन सकिने :

आवश्यक कागजात सहित पेश भएको निवेदनलाई कार्यालयले रुट इजाजत तथा भाडादर निर्धारण समितिमा पेश गर्नेछ ।समितिले आवश्यक ठानेमा इजाजत दिन कार्यालयलाई सिफारिश गर्नेछ ।यसरी सिफारिस गर्दा समितिले यातायातको वर्तमान अवस्था, आवश्यकता, औचित्यता, सर्वसाधारणलाई पुग्ने सुविधा आदि विषय खुलाउनु पर्नेछ ।समितिले गरेको सिफारिस उपर कार्यालयले आवश्यक कागजात जाँचबुझ गरी इजाजत पत्र उपलव्ध गराउन सक्नेछ ।

७. रुट इजाजत तथा भाडादर निर्धारण समिति :

रुट ईजाजत तथा भाडादर निर्धारण सम्बन्धी सिफारिस गर्न देहाय बमोजिम समिति हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत संयोजक

योजना शाखा प्रमुख सदस्य

प्रवाधिक शाखा प्रमुख सदस्य

स्थानिय प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको ट्राफिक शाखा हेर्ने १ जना सदस्य

प्रशासन शाखा प्रमुख सदस्य सचिव

समितिको वैठकमा स्थानीय संघीय तथा प्रादेशिक कार्यालयका प्रतिनिधी, यातायात व्यावसायी तथा अन्य सरोकार पक्षलाई आमन्त्रण गर्न सकिनेछ ।

८. रुट निर्धारणः

क) नगरपालिकाभित्र अनुसूची ३ बमोजिम तोकिए बमोजिमको क्षेत्रमा पार्किङ हुने गरी उल्लेखित संख्यामा अटोरिक्सा, रिक्सा तथा इ–रिक्साले सेवा दिने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ उप दफा १ (क) बमोजिम प्रत्येक सवारी साधनका लागि नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको रुट इजाजत शुल्क लिइ रुट इजाजत पत्र जारी गर्नेछ । रुट इजाजतपत्र तीन महिनाको लागि दिईनेछ । आर्थिक ऐनमा तोकिएको दस्तुर लिई नवीकरण गर्न सकिनेछ ।

ख) रुट अनुमति पत्र प्रत्येक सवारी साधनले अनिवार्य बोक्नु पर्नेछ।

ग) रुट निर्धारण गर्दा नगरपालिकाको कार्यालयलाई केन्द्रको रुपमा आधार मानी कायम गर्नुपर्नेछ ।

९. रुट ईजाजत तथा भाडादर निर्धारण समितिको काम कर्तव्य अधिकार :

रुट ईजाजत तथा भाडादर निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रचलित ऐन, कानून प्रतिकूल नहुने गरी शहरी सडकहरुको भाडा दर निधारण गरी नगर कार्यपालिकामा पेश गर्ने ।

(ख) प्रचलित ऐन कानून बमोजिमका मापदण्ड पुरा गरी आएका सवारी धनीलाई सवारी चाप, यात्रीको चाप मुल्यांकन गरी रुट ईजाजत दिन सिफारिस गर्ने ।

(ग) रुट इजाजत परिर्वतन गर्न चाहने सवारी धनीलाई नियम अनुसार निवेदन माग गरी रुट परिवर्तन गर्न सकिनेछ ।

(घ) पटक पटक कार्यविधी उल्लंघन गर्ने सवारी साधानको रुट ईजाजत खारेज गर्न सिफारिस गर्ने ।

(ङ) नगर कार्यपालिकाले तोकि दिएका अन्य कार्य गर्ने ।

१०. समितिबाट सिफारिस भै आएका सवारी साधनको अभिलेख राखी तोकीएको दस्तुर तिरेको रसिद संलग्न गरी तोकिएको अधिकारीले टिप्पणी लेखी कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

११. नियम ५ बमोजिम प्राप्त भए पछि प्रमुख प्रशासकीय अधिकृतवाट अनुसूची २ बमोजिम सवारी रुट ईजाजत पत्र दिनेछ ।रुट ईजाजतपत्र दिँदा कम्तिमा २०० हर्सपावर भएको सवारी साधनलाई मात्र दिईनेछ ।रुट ईजाजत दिँदा सवारी साधन बनेको वर्षदेखि १० वर्ष भित्रको हुनुपर्नेछ । सो भन्दा बढी भएमा अनुमतिपत्र प्रदान तथा नवीकरण कार्य हुने छैन ।

१२. नगरपालिकाले पालना गर्नुपर्ने कुराहरु

**(क)** इजाजत पत्र माग निवेदन उपर जाँजबुझ गर्ने ।

**(ख)** जाँचबुझ पछि इजाजत प्रदान गर्ने अवस्था भएमा इजाजत दिने र नदिने भए कारण सहित लिखित जानकारी गराउने ।

**(ग)** रुट निर्धारण गरिदिने।

**(घ)** रुटहरुको समय समयमा मर्मत सम्भार गर्ने ।

**(ङ)** भाडादर निर्धारण गर्ने ।

**(च)** आवश्यक समन्वय र सहजीकरण गर्ने ।

१३. सवारी धनीले पालना गर्नुपर्ने कुराहरु:

सवारी धनीले इजाजत प्राप्त गर्नु अघि र इजाजत प्राप्त गरिसकेपछि निम्न काम, कर्तव्यहरु पूरा गर्नुपर्नेछ ।

**(क)** निवेदन साथ तोकिएका आवश्यक कागजात पेश गर्नुपर्नेछ ।

**(ख)** नगरपालिकाले तोकिदिएको भाडादर मात्र लिनु पर्नेछ । भाडा दर यात्रुले देख्ने गरी सवारी साधनमा राख्नुपर्नेछ ।

**(ग)** यात्रुहरु सँग सरल र नम्र व्यवहार गर्नु गराउनु पर्नेछ ।

**(घ)** तोकिएको रुटमा मात्र सवारी चलाउनु पर्नेछ ।

**(ङ)** नगरपालिकाबाट तोकिएको दर्ता तथा नवीकरण दस्तुर समयमा नै बुझाउनु पर्नेछ ।

**(च)** सवारी चालक,यात्रु तथा तेस्रो पक्ष विमा गराउनु पर्नेछ ।

**(छ)** इजाजत पत्रमा तोकिएको संख्यामा मात्र यात्रु राख्नु पर्नेछ ।

**(ज)** ट्राफिक नियमको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

**(झ)** सवारी साधान चलाउदा मादक पदार्थ वा लागुपदार्थ सेवन गर्न पाईने छैन ।

**(ञ)** सिट क्षमता भन्दा बढी यात्रु वा सवारी साधनको क्षमता भन्दा बढी माल समान बोक्न पाईने छैन ।

**(ट)** यात्रुहरुको समान सवारी साधनमै छोडिएमा तथा कही कतै दुर्घटना भएमा नजिकको प्रहरी कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

**(ठ)** अत्यावश्यक सेवा बाहेक मुख्य सडकमा यात्रु सहित हिड्न पाईने छैन ।

१४. इजाजत पत्रको खारेजी :

सवारी धनी तथा सवारी चालकले यस कार्यविधि विपरीत कार्य गरेमा तथा प्रचलित अन्य यातायात व्यवस्था सम्बन्धी कानून उल्लंघन गरेमा समितिको सिफारिस बमोजिम खारेज गर्न सिफारिस भै आएका सवारी साधानको इजाजत पत्र प्रमुख प्रशासकीय अधिकृतले खारेजी गर्न सक्नेछ र सोको अभिलेख अद्यावधिक गर्न लगाउनेछ ।खारेजी गर्नु अघि सम्वन्धित सवारी धनीलाई सफाइ पेश गर्ने मौका दिन सकिनेछ ।

## परिच्छेद ३

१५. रुट ईजाजत तथा नवीकरण शुल्क :

नगरपलिकाको आर्थिक ऐनमा निर्धारण नहुञ्जेलसम्मको लागि रुट ईजाजत तथा नवीकरण शुल्क देहाय बमोजिम हुनेछ ।

**(क)** रुट ईजाजत शुल्क :

- रिक्सा, १०००।-
- ई रिक्सा, २५००।-
- अटो रिक्सा, ५०००।-

**(ख)** सवारी रुट ईजाजतपत्र वार्षिक रुपमा समेत नवीकरण गर्नुपर्नेछ ।नवीकरण शुल्क नगरपालिकाको आर्थिक ऐनमा तोके बमोजिम हुनेछ ।

**(ग)** तोकिएको रुट भन्दा बाहिरको रुटमा जानुपर्ने भएमा नगरपालिकामा नियमानुसार पटके काटेर मात्र जानुपर्नेछ ।पटके कर आर्थिक ऐनमा तोकेबमोजिम हुनेछ ।

१६. (क) यस कार्यविधी बमोजिम रुट अनुमती नलिई सवारी साधन संचालन गरेमा कार्यालय प्रमुखबाट रु.५,०००।- सम्म जरिवाना हुन सक्नेछ ।

(ख) रुट अनुमति नवीकरण समय सकिएको मितिले बढीमा १५ दिन भित्र गरिसक्नु पर्नेछ । तोकिएको समयभित्र नवीकरण नगरेमा आर्थिक ऐनमा तोकिए बमोजम जरिवाना लाग्नेछ ।

(ग) प्रचलित कानूनमा अन्य सजायको व्यवस्था भएमा सो समेत हुनेछ ।

१७. तोकिए बमोजिमको भाडा दर भन्दा बढी भाडा लिएमा प्रथम पटक रु. ५००।- दोस्रो पटक रु. १०००/- तेस्रो पटक रु. १५००/- जरिवाना लाग्नेछ र निरन्तर दोहोरिएमा रुट ईजाजतपत्र समेत खारेज हुन सक्नेछ।

१८. जरिवाना तथा कारवाहीमा चित्त नबुझेमा सम्बन्धित सवारी धनीले प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।सो निवेदनको औचित्यताको आधारमा प्रमुखबाट जरिवाना तथा कारवाही उपर पुनर्विचार हुन सक्नेछ ।

## परिच्छेद ४

१९. सवारी संचालनको दौरानमा यस कार्यविधि बमोजिम पालन गर्नुपर्ने शर्तहरुको अलवा प्रचलित अन्य ऐन नियम बमोजिम पालना गर्नुपर्ने शर्त तथा नियमहरु सोही बमोजिम पालना गर्नुपर्नेछ।

२०. यस कार्यविधि नगरपालिकाको आवश्यकता,भौगोलिक बनावट,विकास क्रमलाई विचार गरी आवश्यकता अनुसार नगरकार्यपालिकाले संशोधन,परिमार्जन तथा खारेजी गर्न सक्नेछ ।

## अनुसूची १

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शितगंगा नगर कार्यपालिकाको कार्यालय,
अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

विषय : सवारी रुट अनुमति पाउँ ।

उपरोक्त विषयमा देहाय बमोजिम विवरण भएको मेरो/ हाम्रो नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको रिक्सा/ ई रिक्सा/ अटो रिक्सा निम्न रुटमा संचालन गर्न अनुमति पाउन निवेदन गरेको छु/ छौं ।

**सवारी साधानसम्बन्धी विवरण:**

सवारी साधनको किसिम :
सवारी दर्ता नं र दर्ता गर्ने कार्यालय :
चेसिस नं :
ईन्जिन नं :
मोडल :
वनेको साल :
यात्रु सिट संख्या :

**सवारी धनीको विवरण :**

नाम :
ठेगाना :
संस्था भए दर्ता विवरण:
संचालन गर्न माग गरेको रुट :
संलग्न कागजात :
सवारी धनी दर्ता प्रमाणपत्र
नेपाली नागरिकताको प्रमाणपत्र
विदेशी भएमा अनुमति पत्र
संस्था भए दर्ता प्रमाणपत्र :

प्रचलित ऐन कानूनमा व्यवस्था भएका सम्पूर्ण प्रावधानहरु पालना गरी सवारी व्यवसाय संचालन गर्नेछु । यसमा लेखिएको व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरेमा ऐन कानून बमोजिम सहुला बुझाउँला ।

आवेदकको नाम :
दस्तखत
मिति :

## अनुसूची २

शितगंगा नगरपालिका

लुम्बिनी प्रदेश अर्घाखाँची, नेपाल

शितगंगा नगरपालिका
लुम्बिनी प्रदेश अर्घाखाँची,
नेपाल

**रुट ईजाजत पत्र**

सवारी दर्ता नं............

सवारी धनीको नामः.............................................

ठेगानाः.................................................

सवारी धनीको सही

दर्ता गर्ने अधिकारीको सही

### सवारी साधनको विस्तृत विवरण

| |
|---|
| १. कम्पनीको नामः |
| २. सवारीको मोडेलः |
| ३. बनेको सालः |
| ४. सिलिण्डर संख्याः |
| ५.हर्ष पावर/सि.सि.:- |
| ६. च्यासिस नम्बरः |
| ७. इन्जिन नम्बरः |
| ८. सवारीको रङ |
| ९. चालक सहित सिट क्षमताः |
| १०. पेट्रोल/डिजेलः |
| ११. रेडियो छ/छैनः |
| १२. खरिद भै आएको मानिस वा कम्पनीः |
| १३. प्रयोगः |
| १४. चलाउने इलाकाः |
| १५. भन्सार निस्साः |

| मिति | रसिद नं | नविकरण अवधि | शाखा प्रमुख | अनुमती प्रदान गर्ने अधिकृतको दस्तखत र मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

चलाउन अनुमती दिएको रुट :-

## अनुसूची ३

## सवारी संचालनको लागि स्टेशन, रुट, सवारी संख्या

१ स्टेशन र रुटसम्बन्धी विवरण सम्बन्धित रुट इजाजत पत्रमा तोकिनेछ ।

२ सवारी संख्या यातायात व्यवस्था कार्यालयको प्रचलित नियममा रही कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३ दश केजी सम्मको सामानको भाडा लाग्ने छैन ।यात्रु तथा सामानको भाडा सम्बन्धी अन्य विषयहरु समितिको सिफारिसमा कार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

४ शुल्क सम्बन्धी विषय शितगंगा नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**प्रमाणिकरण मितिः** २०८०/१०/०४

**आज्ञाले**
**अर्जुन शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**